PRESS RELEASE

# नेपाल प्रहरी प्रधान कार्यालय
# मानव बेचबिखन अनुसन्धान ब्यूरो
बबरमहल,काठमाण्डौ,

फोन ०१-५३३९५६९
०१-५३४११७७

## <u>प्रेस विज्ञप्ति</u>-२२

**"दिल्लीमा यौन व्यवसाय सञ्चालन गर्ने नेपाली दम्पती पक्राउ"**

भारतको दिल्ली स्थित बिभिन्न होटल, रेष्टुरेन्ट, फेन्सी पसलमा आकर्षक काम पाईने र कमाई समेत राम्रो हुने प्रलोभन देखाई नेपालबाट भारतको दिल्ली पुर्याई बेश्याबृत्तिको लागी आफैले भाडामा लिएको अपार्टमेन्टमा राखी यौन क्रियाकलापमा लगाउने मुख्य अभियुक्तहरु टिकाराम भण्डारी र निजको श्रीमती लाई यस ब्यूरोबाट खटीएको टोलीले मिती २०८०।०९।११ गतेका दिन कञ्चनपुर जिल्लाको सिमा ईलाकाबाट पक्राउ गरी सम्मानित काठमाण्डौ जिल्ला अदालतमा पेश गरिएको।

<u>निम्न:-</u>

**पक्राउ परेका अभियुक्तहरु:-**

- जिल्ला स्याङ्जा पेलाकोट गा.बि.स. वडा नं ९ ,परीवर्तीत गल्याङ न.पा. ०७ स्थायी वतन भएको बर्ष ३५ को टिकाराम भण्डारी।



- जिल्ला बाँके कोहलपुर न.पा. वडा नं ०८ जन्मस्थान भई जिल्ला स्याङ्जा पेलाकोट गाबिस वडा नं ९ परीवर्तीत गल्याङ न.पा. ०७ भएको बस्ने टिकाराम भण्डारीको श्रीमती बर्ष ३१ की अस्मीता भण्डारी,रिया वली भन्ने टिका कुमारी वली।



## अनुसन्धानका क्रममा खुल्न आएको थप बिबरण:-

- निज दम्पतीले युवतीहरुलाई भारतमा आकर्षक तलब सुविधाको प्रलोभन देखाई तथा बिभिन्न बहाना बनाई दिल्ली पु-याउने गरेको ।
- दिल्ली किशनगढ स्थित अपार्टमेन्ट भाडामा लिई खाने, बस्ने व्यवस्था समेत मिलाई Website मार्फत बिज्ञापन गरी Online Prostitution को -याकेट चलाउने गरेको।
- Online Prostitution को लागी Whatsapp Group बनाई सम्पर्कमा आएका ग्राहकहरुले online payment गरीसकेपछि ग्राहकले भनेको स्थानमा युवतीहरुलाई पठाउने गरेको खुल्न आएको।
- बेश्याबृत्तीको लागी भाडामा लिएको अपार्टमेन्टमा cc camera जडान गर्नुका साथै पिडीतहरु लाई नयाँ मोबाईल , भारतीय सिम समेत उपलब्ध गराई ह्वाट्सएप,फेसबुक आई.डी. बनाई पासवर्ड आफैले राखी अनलाईन निग्रानी गर्ने गरेको पाईएको ।
- बेश्याबृत्तिबाट कमाई भएको रकमको २०% मात्र निजहरुलाइ दिई बाँकी ८०% रकम आफै लिने गरेको।
- पक्राउ परेका अभियुक्तहरुले भारत पुर्याएका ९ जना युवतीहरुलाई यस ब्युरोको समन्वयमा यस पूर्व मिति २०७९।१२।०७ गते उद्दार गरीएको।
- २०७९ चैत्रमा निज दम्पत्ती समेतको बिरुद्दमा ६ वटा मुद्दा दर्ता भएकोमा तीँ मुद्दाहरुमा ३ जना प्रतिवादीहरु पक्राउ परी हाल पुर्पक्षको लागी कारागारमा थुनामा रहेको।
- अनुसन्धान जारी नै रहेको अवस्थामा स्थान परीवर्तन गरि पुन: नेपाल बाट युवतीहरु झिकाई यौन व्यवसाय सञ्चालन गरीरहेको भन्ने सुचनाका आधारमा दिल्ली स्थित नेपाली दुतावास ,भारतीय प्रहरी तथा KIN INDIA संगको समन्वय र सहयोगमा मिति २०८०।०९।१० गतेका दिन दिल्लीबाट ५ जना थप पिडीतहरुको उद्दार गरी नेपाल ल्याई हाल सुरक्षित आवास गृहमा राखिएको।
- निज दम्पतीहरु उल्लेखीत मुद्दाहरुमा तत्काल फरार रही खोजतलासकै क्रममा रहेकोमा मिति २०८०।०९।११ गतेका दिन कञ्चनपुर जिल्लाको भारतीय सिमा ईलाका बाट पक्राउ गरी सम्मानित काठमाण्डौ जिल्ला अदालतमा पेश गरीएको ।
- उक्त घटना सम्बन्धमा थप अनसुन्धान भईरहेको।

**मिति:-२०८०/०९/१६ गते।**

**प्रवक्ता**
(कृष्ण प्रसाद पगेनी)
प्रहरी उपरीक्षक
सम्पर्क नं.:-९८५१२८१३३०